आ.व. २०८२/०८३
बैठक - नगर कार्यपालिका बैठक
अध्यक्षता - नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. ०१/०८२/०८३
मिति - २०८२/०५/११ गते
स्थान - ता.न.पा. मिनिहल
समय - दिउँसो १:०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा. २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा.५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा.७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता न पा १२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता न पा १३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता न पा १४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता न पा १ | सदस्य |
| श्री मन्जु वि क | कार्यपालिका सदस्य | ता न पा १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता न पा २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता न पा ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता न पा ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता न पा ६ | सदस्य |
| श्री सजय घले | कार्यपालिका सदस्य | ता न पा ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता न पा १० | सदस्य |
| श्री पिताम्वर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता न पा का | सचिव |

चेतबहादुर थापा का.वा. वडा अध्यक्ष - ता.न.पा. १३

**निर्णय नं. १**

तानसेन नगरकार्यपालिकाको मिति २०८२।०४।१५ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाद्वारा सञ्चालित डुम्रे, सुन्डाडा, तेल्था, गुफाचौर, वडहरवोट हुदै हलाङ्दी सडकको Design and Supervision Consultant भई काम गर्ने गरी 18 Sep 2022 मा सम्झौता भएको र उक्त सडक निर्माण व्यवसायीले 30 June 2025 सम्म कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाईएकोमा मिति २०८२।१।२३ को स्वीकृत टिप्पणी र मिति २०८२।२।८ गतेको कार्यपालिका बैठकको निर्णय नं ३ (घ) बमोजिम कार्य अगाडि बढाईएकोमा उक्त कार्य सम्पन्न हुन नसकेको हुदा 31 dec 2025 सम्म Design and Supervision Consultant (DSC) को पून: म्याद थप गर्ने र नियमानुसार आएको VO स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको आ.व २०८२।०८३ को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

ता.न.पा वडा नं. ५ वनदेवीमा निर्माणाधिन नयाँ बसपार्कको लागि परामर्शदातावाट सिफारिस भई आएको प्राविधिक प्रतिवेदन सहितको VO स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

चिलाङ्दी, गोर्खेकोट लायन्स धर्मशाला कैलाशनगर सडक स्तरोन्नती योजनाको लागि तयार भएको डि.पि.आर. सिफारिस गरी नयाँ प्रस्तावित कार्यक्रमको रुपमा अगाडी वढाउन नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना (NUGIP) काठमाण्डौमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

विधायन समितिवाट सिफारिस भई आएका तानसेन नगरपालिकाको लागि आवश्यक देहाय बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

- कर्मचारीको स्थानीय प्रोत्साहन सुविधा कार्यविधि, २०८२
- खेतियोग्य बाँझो जग्गा उपयोगमा अनुदान कार्यविधि, २०८२
- तानसेन नगरपालिका सञ्चार सबलीकरण कार्यक्रम कार्यविधि, २०८२

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको पर्यटन कार्यसमिति तानसेन (TACT) को देहाय बमोजिम हुनेगरी पुनर्गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री सागरमान महर्जन, वडा अध्यक्ष वडा नं. ६ | संयोजक |
| पाल्पा उद्योग वाणीज्य संघको प्रतिनिधि | सदस्य |
| पाल्पा व्यापार संघको प्रतिनिधि | सदस्य |
| होटल तथा रेष्टुरेण्ट व्यवसायी संघका प्रतिनिधि | सदस्य |
| पाल्पा होमस्टे एशोसियसन प्रतिनिधि | सदस्य |
| श्री कमल पाण्डे, ता.न.पा १४ | सदस्य |
| श्री मधुसुदन घर्ती आर्थिक विकास शाखा प्रमुख | सदस्य सचिव |

शिवेश्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको देहाय बमोजिम नगरस्तरीय पर्यटन बोर्ड (Municipal Tourism Board) गठन गर्ने गरियो ।

| | |
|---|---|
| नगर प्रमुख सन्तोषलाल श्रेष्ठ | संयोजक |
| नगर उप प्रमुख प्रतिक्षा गाहा मिंजाली | सदस्य |
| TACT संयोजक सागरमान महर्जन | सदस्य |
| श्री पदम न्यौपाने ता.न.पा १० | सदस्य |
| श्री जयन्त भुसाल, ता.न.पा ५ | सदस्य |
| श्री रञ्जना थापा अर्याल ता.न.पा ३ | सदस्य |
| श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं. ९**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावहरु माथि छलफल गरी आवश्यक कार्यान्वयनका लागि सहजिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ (संशोधन) अनुसार हुने नयाँ कार्य समितिमा निम्नानुसारका पदाधिकारी मनोनयन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री चोलेश्वर शर्मा, (उपकुलपति) | संयोजक |
| श्री मनमोहन श्रेष्ठ | सदस्य |
| श्री जीवन बहादुर थापा | सदस्य |
| डा. शंकर प्रसाद गैरे | सदस्य |
| श्री गणेश ज्ञवाली | सदस्य |
| श्री धनकला गाहा | सदस्य |
| श्री दुर्गा बहादुर थापा (योजना शाखा प्रमुख) | सदस्य सचिव |

**निर्णय नं. ११**

आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) को गुणस्तर पछिको अन्तिम नतिजा अनुसार तानसेन नगरपालिकाले ८८.७५ अङ्क प्राप्त गरी जिल्ला प्रथम तथा राष्ट्रिय स्तरमा १०औं स्थान प्राप्त गरेको जानकारी प्राप्त गरियो । यस स्वमूल्याङ्कनको नतिजा सुधारमा सम्बद्ध सबैलाई धन्यवाद व्यक्त गर्दै कमजोर रहेको सूचकहरुमा कार्ययोजना सहित सुधार गरी आगामी समयमा अझ उत्कृष्ट बनाउन आवश्यक कार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिकाको वडा स्तरीय पूर्वाधार योजनाहरुको मिति २०८२ भाद्र मशान्त भित्र उपभोक्ता समिति गठन गरी खरिद योजना अनुसार आवश्यक प्रकृया अगाडी बढाउनका लागि सम्बन्धित सबै वडाहरुलाइ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

पल्ली बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. र जि.आइ. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पाउँ भनि आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गरेकोमा तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७४ को अनुसूची ५ बमोजिमको आवश्यक योग्यता भएको चेक जाँच गरी तानसेन

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सिफारिस समितिबाट सिफारिस भई आएकोले तपसिल बमोजिमको फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

१) फर्मको नाम: पल्ली विल्डर्स एण्ड सप्लायर्स प्रा.लि
फर्मको ठेगाना: ता.न.पा. वडा नं. ४, पाल्पा
प्रोपराईटर: कमल पल्ली
प्रोपराईटरको ठेगाना: तानसेन नगरपालिका वडा नं. ४, पाल्पा

२) फर्मको नाम: जि.आई. विल्डर्स एण्ड सप्लायर्स प्रा.लि
फर्मको ठेगाना: ता.न.पा. वडा नं. ३, पाल्पा
प्रोपराईटर: वालम श्रेष्ठ
प्रोपराईटरको ठेगाना: तानसेन नगरपालिका वडा नं. ३, पाल्पा

**निर्णय १४**

तानसेन नगरपालिकाको छोरी शिक्षा सम्वन्धी कार्य संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को परिच्छेद ३ दफा ५ को उपदफा २ बमोजिम प्रत्यक वडाबाट २ जना दलित, १ जना जनजाती र २ जना अन्य गरी जम्मा ५ जना छात्रा छनौट गर्ने गरि व्यवस्था भएकोमा जनजातीको कोटा १ थप गरी २ जना सहित प्रति वडा ६ जना हुने गरी सम्शोधन गर्ने निर्णय गरियो ।

**निर्णय १५**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न ५५ मिति २०८२/०५/०३ को पत्रबाट नेपाल र जनवादी गणतन्त्र चीनको कुटनीतिक सम्वन्ध स्थापना भएको ७० औं वार्षिकोत्सवको अवसरमा नेपाल र जनवादी गणतन्त्र चीनका विभिन्न शहरविचको मैत्री र सहकार्य सम्वन्ध प्रगाढ वनाउन वेइजिङस्थित नेपाली राजदूतावासले चीनको शियान सहरमा सन् २०२५ सेप्टेम्बर २२ देखि २६ (२०८२ असोज ६ देखि १०) सम्म हुने **9th Silk Road Economic Belt and Road Roundtable Conference and China-Nepal Mayors Dialogue** कार्यक्रममा तानसेन नगरपालिकाको प्रमुखलाई सहभागीताको लागि सिफारिसका साथ पटाउन अनुरोध भएकोमा तानसेन नगरपालिकाको तर्फ बाट नगरप्रमुख सन्तोषलाल श्रेष्ठ लाई उक्त कार्यक्रममा नगरपालिकाको प्रतिनिधित्व गर्नेगरि उपस्थित हुन सिफारिसका साथ पटाउने निर्णय गरियो ।

**निर्णय १६**

तानसेन नगरपालिका भित्र रहेको घरहरुको अभिलेखिकरण गर्ने सम्वन्धमा विभिन्न कारणवाट निर्माण सम्पन्न नलिएका, २०७२ साल भन्दा अगाडि नक्शा स्वीकृत भई निर्माण सम्पन्न नलिएका तानसेन नगरपालिका भित्र रहेको जग्गाधनी प्रमाणपुर्जा भित्र वनेका संरचनाहरुको मात्र आगामी दिनमा पून: नखुल्नेगरी अन्तिम पटकको लागि मिति २०८२ कार्तिक मशान्तसम्म घरहरुको अभिलेखिकरण कार्य खुल्ला गर्ने निणय गरियो ।

शिवेश्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner